# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दल्ली जाजरकोट

कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

पत्र संख्या :- ०७७/०७८
चलानी न.:-

मिति :- २०७७।१०।२०

---

## विज्ञप्ती

प्रस्तुत विषय सम्बन्धमा ग्रामीण विकास तथा क्लिन ईन्भरमेन्ट नेपाल (**RDCN**) नामक संस्थाले वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सहयोगमा नलगाड नगरपालिका भित्रका अति विपन्न, गरिव, जनजाती, दलित समुदायलाई लक्षित गरी सोलार सेट (८० वाट), ३५ के.जि. तौल भएको धुँवारहित सुधारिएको फलामे चुल्हो अनुदानमा वितरण गर्न अनुमती पाउँ भनि आबश्यक कागजात सहित मिति २०७७।१०।१५ गते दिएको निवेदनमा उल्लेख भएको कुरालाई आधार मानि स्थानीय जनताको हित र भलाईको लागि असल उद्धेश्य राखि मिति २०७७।१०।१५ गते उक्त संस्थालाई सामाग्री वितरणका लागि अनुमती पत्र दिईएको व्यहोरा यथार्थ हो । यसै कुरालाई आधार मानि विभिन्न सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा मिलेमतो भनि गरिएको भ्रामक समाचार प्रति यस नलगाड नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

अति विपन्न गरिब, दलित तथा जनजाती समुदायको जिवनस्तरसँग सरोकार राख्दै सोलार तथा चुल्हो वितरण गर्ने भनि वितरण अनुमतिका लागि निबेदन दिने उक्त संस्थालाई यस कार्यालयबाट सामाग्री वितरणका लागि मात्र अनुमति दिईएको हो । यस कार्यका लागि उक्त संस्थासँग यस नगरपालिकाको कुनै पनि सम्झौता नरहेको व्यहोरा समेत अवगत गराउदछु । नगरपालिकासँग सामाग्री वितरणको लागि अनुमति मागेको तर वडा कार्यालयहरुबाट सामाग्री खरिदको रसिद संकलन गरेको भनि प्राप्त सूचना तथा उक्त संस्थाको शंकास्पद गतिविधिका आधारमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग यस सम्बन्धमा जानकारीको लागि सम्पर्क गर्दा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको कुनै सहयोग तथा समन्वय नरहेको भन्ने प्रमाणित हुन आए पश्चात सम्पुर्ण वडा कार्यालयहरुलाई संकलित रकम सुरक्षित गर्न निर्देशन दिईसकिएको छ । साथै संकलित रकम सम्बन्धित वडा कार्यालय मार्फत सम्बन्धित व्यक्तिहरुलाई फिर्ता गरिनेछ । यसरी असल उद्धेश्य देखाई ठगी गर्ने गिरोहबाट सचेत रहन आग्रह गर्दै उक्त गिरोहलाई कानूनी दायरामा ल्याउन आबश्यक कानुनी कारवाहीको लागि यस नगरपालिका मार्फत आबश्यक पहल गरी कानूनी प्रक्रिया अगाडि बढाईएको जानकारी गराउदछु । साथै उक्त विषयलाई विषयान्तर गर्दै विभिन्न संचार माध्यम र सामाजिक संजालमा अनाबश्यक दुषप्रचार गरिएकोमा आपत्ती प्रकट गर्दै यि र यस्ता तथ्यहीन ढंगले सम्प्रेशन गरिएका समाचार प्रति भ्रमित नहुन सबै नगरवासीहरुमा हार्दिक अपिल गर्दछु । साथै यस कार्यालयको च.नं. ९७४ मिति २०७७।१०।१५ गतेको अनुमति पत्रसमेत यसै विज्ञप्ती मार्फत खारेज गरिएको जानकारी गराउदै समग्र नगरपालिकाको विकास, समृद्धि र अग्रगमनको लागि सदैव नगरपालिका प्रतिवद्ध रहेको व्यहोरा समेत समस्त नगरवासिहरुमा अनुरोध गर्दछु ।

..........................
टेक बहादुर रावल
(नगर प्रमुख)